नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३४ २०८१ साल भदौ ११ गते मंगलबार (27 Aug. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : अद्‌भुत कलाका धनी अप्रतिम.. ३ पृष्ठमा : शीतभण्डार निर्माण अधुरै, ... ३ पृष्ठमापाकिस्तानमा सशस्त्र विद्रोहीद्वारा...

## राजविराजले समयमा बजेट ल्याउन नसक्दा आलोचित बन्दै




**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

सप्तरी सदरमुकाम समेत रहेको राजविराज नगरपालिकाले समय सीमाभन्दा दुई महिना बढी भइसक्दा पनि बजेट ल्याउन सकेका छैन ।

अगामी आर्थिक वर्षको बजेट ल्याउने मिति निर्धारण गर्न नसक्दा संघीय अनुदान कटौतीसँगै विकास निर्माणका काम, आन्तरिक आयमा वृद्धि लगायत काम प्रभावित हुने देखिएको छ । यस्तै कानुनी व्यवस्थाको अवज्ञा तथा जनप्रतिनिधिको कार्यक्षमता बारे समेत प्रश्न उठन थालेको छ ।

राजविराज नगरपालिकाका निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले स्थानीयतहको बजेट साउन १ गतेबाट कार्यान्वयनमा जान्छ, तर भदौ १० गते पार गर्न लाग्दा पनि राजविराज नगरपालिकाले बजेट ल्याउन नसकेको भन्दै सामाजिक संजालमा लेख्छन्, "बजेट समयमा नल्याउँदा अगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि गर्नुपर्ने तयारी एकातीर पुग्दैन भने अर्को तिर नगरपालिकालाई आर्थिक नोक्सानी समेत व्यहोर्नु पर्नेछ ।"

आन्तरिक विवाद र तयारी नपुग्दा कानूनी व्यवस्था अनुसार अन्तिम मिति असार १० मा बजेट ल्याउन नसकेका नगरपालिकाले त्यस्को दुई महिना बढी हुन लाग्दा पनि मिति तय गर्न नसक्नु दुःखद भएको उनको कथन छ ।

उनले यसको प्रभाव अहिलेको कार्यकाललाई मात्र नभई २०८४ पछि नयाँ आउने जनप्रतिनिधिलाई र नगरवासीसमेतलाई पर्न गई समस्या र चुनौती थपिदै जाने बताए ।

समयमै नगरसभा सम्पन्न नभएपछि पालिकाको आर्थिक कारोबार, तलब भुक्तानी, विकास निर्माण लगायतका काम समेत प्रभावित हुने त्यहाँको कर्मचारीहरु बताउँछन् । जसपाको बहुमत रहेको पालिकामा उपप्रमुख ईसरत प्रवीण कार्यवाहकको जिम्मेवारी पाएकी छिन् ।

प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङले आन्तरिक तयारी गर्दा गर्दै ढिलो हुन गएको बताए । उनले योजनागत बाँडफाँटको कतिपय विषय टुंगो लागिसकेको र केही वडाको सिलिङ बन्दै गरेको भन्दै छिट्टै नै नगरसभाको मिति तोकिने जानकारी दिए । स्थानीयवासीले आन्तरिक खिचलो र विभिन्न विवादका कारण बजेट ल्याउन ढिलाई भइरहेको भन्दै उक्त विवाद तत्काल समाधान गरी नगरसभाको मिति अविलम्ब तोक्न माग गरेका छन् ।

नगरप्रमुख भीमराज यादव हाल निलम्बित अवस्थामा छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा उनी विरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेपछि उनी निलम्बित भएका थिए । विशेष अदालतले उनको विपक्षमा आदेश दिएपछि अहिले उनी न्याय खोज्दै सर्वोच्च पुगेका छन् ।

## एक लाख ५० हजार लिटर क्षमताको खानेपानी आयोजना हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, १० भदौं ।**

सबल नेपालद्धारा सिरहाको कर्जन्हा नगरपालिका १ स्थित बाल्टीयामा निर्माण गरिएको नन्दबाबा खानेपानी आयोजना सोमबार एक कार्यक्रम बिच हस्तान्तरण गरेको छ ।

बिएमजेड र भिसीएको मुख्य सहयोगमा डब्लुएचएचसँगको साझेदारी तथा कर्जन्हा नगरपालिका संगको समन्वय एवं सहकार्यमा संचालित सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासन सवलीकरण परियोजना बाट वडा नं १ मा पालिका, संस्था तथा स्थानीय समुदायको संयुक्त साझेदारीमा खानेपानी आयोजना निर्माण भई संचालनमा आएको छ ।

बि.सं. २०७६ फागुन २० गतेबाट शुरु भई बि.सं. २०८० चैत्र १७ गते सम्पन्न भएको उक्त संरचना निर्माण कार्यको लागि कुल १ करोड ६४ लाख ६८ हजार ८ सय १३ रुपैया खर्च भएको थियो जसका लागि सबल नेपालले ७० लाख ५ हजार ९ सय ५५, कर्जन्हा नगरपालिकाले ९० लाख ७४ हजार ३ सय ७३ तथा समुदायले ३ लाख ८८ हजार ४ सय ८५ रुपैया खर्च व्योहोरेका जानकारी सबल नेपालका पालिका संयोजक रोजी श्रेष्ठले गराए ।

कुल १ लाख ५० हजार लिटर पानी स्टोरेज क्षमता रहेको ओभरहेड संरचनासंगै स्वचालित रुपमा पानी शुद्धिकरणका उपकरण समेत जडान भएकोले धारा प्रणाली मार्फत ६ सय १९ घरधुरीमा शुद्ध तथा स्वच्छ खानेपानीको नियमित पहुँच भएको छ ।

बिगतमा पानीको लागि ट्युवेल जडान गर्दा लेयर नलाग्ने जस्ता कारणले गर्दा वडा नं. १ का समुदायले ईनारको पानी खान बाध्य भएको आवश्यक्ता महसुस भई सबल नेपालसंगको सहकार्यमा निर्माणकार्य सम्भव भएको वडा अध्यक्ष फनिन्द्र पोखरेलले बताए ।

उक्त खानेपानी आयोजना नन्दबाबा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मार्फत संचालनमा रहेको एवं यसको दिगोपनाको लागि प्रत्येक घर धुरीबाट न्युनतम १० युनिट प्रयोग गरे वापत ८० रुपैया संकलन गर्ने गरेको र थप प्रति युनिट वापत रु. ६ संकलन गर्ने गरेको उपभोक्ता समितिका अध्यक्ष

***बाँकी तीन पृष्ठमा***

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

सरकारी निकायले विज्ञापन गर्दा:

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं,
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं,
- सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकि रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोवार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौं: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

## सम्पादकीय

### के हामी सबै जिम्मेवार होइनौं ?

नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, हरियो वन नेपालको धन आज मासिंदै छ र खेतीयोग्य हरिया खेतवारी खडेरीको माखेसाङलोमा अल्झिएको छ। हाम्रो मुलुक जलश्रोतको दोश्रो धनी मुलुक हो, वनजंगलले ढाकिएको राष्ट्र हो र कृषि प्रधान देश पनि हो। हामीसँग जे प्राकृतिक सम्पदा धेरै छ, त्यसकै अभावमा हाम्रो दैनिकी बित्दैछ। नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने र बाँकी अरु देशलाई बेच्न सकिने सामर्थ्य प्रकृतिले हामीलाई दिएको छ। तर,वर्षायाममा पनि सिँचाईको अभाव हुने गरेको छ।

यता वनजंगल मासिंदै गइरहेको छ, वनतस्करहरु हाम्रा जंगल उजाड बनाउँदैछन्। ती तस्करहरु मध्ये हाम्रा वन रक्षकहरु पनि पर्दछन्, उनीहरुले जथाभावी र प्रतिबन्धित रुख ढालेर वन विनाश गरिरहेका छन्। कतै अतिवृष्टि, कहीं अल्पवृष्टि त कुनै ठाउँमा अनावृष्टिले जनजीवन शोकाकुल छ। खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन। नहर छ तर व्यवस्थित छैन। नहरको आवश्यकता छ, तर निर्माण र मर्मत भईरहेको छैन। किसानहरु वर्षा अभावका कारण जेनतेन अन्य उपायबाट केहीले आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन। धान निर्यात गर्ने नेपालले भारतबाट आयात गर्नु परिरहेको यथार्थ छ।

हाम्रो देशको यो अवस्था किन छ ? हरेक कुरा हुँदाहुँदै पनि असल व्यवस्थापन, कुशल नेतृत्व र इमान्दार इच्छाशक्तिको अभावमा हाम्रा प्राकृतिक श्रोत र साधनको हामीले समुचित उपयोग र संरक्षण गर्न सकिरहेका छैनौं। के यसका लागि हामी सबै जिम्मेवार होइनौं ? राजनीतिक विषयका लागि सडक र सदन तताउने, तर के हामीसँग प्रत्यक्ष जोडिएका यी मुद्दाहरुमा हामी पर्याप्त आवाज उठाउन सकेका छौं ? मननयोग्य यस प्रश्न माथि कहिले मनन गरिएला ?

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अद्‌भुत कलाका धनी अप्रतिम भगवान् श्रीकृष्ण

**राममणि सिटौला**
काठमाडौं, १० भदौ (रासस)।

आजभन्दा हजारौं वर्षअघि भदौ महिनाको कृष्ण पक्षको अष्टमी तिथिमा जन्मिएका कृष्णको वैदिक सनातन धर्ममा सर्वोच्च स्थान छ। विश्वभरिका सनातन धर्मावलम्बीले कृष्ण जन्मिएको पावन तिथिलाई कृष्णाष्टमीका रूपमा हर्षोल्लासका साथ मनाउने गर्छन्। यतिखेर कृष्ण मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ। धुमधामका साथ पूजाअर्चना गर्दै उनको आराधना गरिन्छ।

अद्‌भुत कला, असीम पुरुषार्थ र परमार्थले भरिएका कृष्ण सर्वत्र वन्दनीय र पुजनीय छन्। उनी सनातनीहरू माझ कन्हैया, माधव, श्याम, गोपाल, द्वारकेश, द्वारिकाधीश आदि नामले चिनिन्छन्। सिङ्गो भारतवर्षमा सबैभन्दा अधिक र प्रसिद्ध मूर्ति उनकै छ। श्रीकृष्ण संसारभरिका मानिसद्वारा अत्याधिक रुचाइएका अप्रतिम भगवान हुन्। उनी देश, धर्म, सम्प्रदायबाट माथि उठेका सर्वमान्य पुरुष हुन्। आज विश्वमा सबैभन्दा बढी शोध उनैमाथि भइरहेछ।

'कृष्ण' नामबारे अनेकौं व्याख्या छन्। 'कृष्ण' नाममा भएको 'क' कारले ब्रह्माको वाचकलाई बुझाउँछ। 'ऋ' कार र 'ष' कारले शेषनाग र शिवलाई बोध गराउँछ भने 'ण' ले धर्मलाई सङ्केत गर्छ। त्यस्तै 'विसर्ग' नारायणको बोधक हो। कृष्ण परब्रह्म, परमात्मा हुन्, भक्तिका दाता हुन्। त्यसैगरी कृष्ण नामको 'क' ले कमलकान्त, 'ऋ' ले राम, 'ष' ले शेषनागको शय्यामा निवासी विष्णु, 'ण' ले नरसिंहलाई बुझाउँछ। यी पूर्णतत्त्व, जुन महामन्त्ररूपी शब्दमा समाहित छ, वास्तवमा त्यही कृष्ण नै हो।

भगवान् विष्णुका आठौं अवतारका रूपमा द्वापर युगमा जन्मिएका कृष्णलाई सनातन धर्ममा त्यस युगका सर्वश्रेष्ठ पुरुष, युगपुरुष, युगावतारको स्थान दिइएको छ। कृष्ण आदर्श दार्शनिक, निष्काम कर्मयोगी, स्थितप्रज्ञ दैवी गुणले सुसज्जित महापुरुष थिए। योगेश्वर कृष्णका समकालीन कृष्ण द्वैपायन व्यासले कृष्णको चरित्रबारे श्रीमद्‌भागवत र महाभारतमा विस्तृत रूपमा उल्लेख गरेका छन्।

कृष्ण वसुदेव र देवकीका आठौं सन्तानका रूपमा मथुराको कारागारमा जन्मिएका थिए। देवकी कंसकी बहिनी थिइन्। कंस अत्याचारी राजा थियो। जब ऊ आफ्नी नवविवाहित बहिनीज्वाइँलाई रथमा चढाएर घर पुऱ्याउन जाँदै थियो, तब आकाशवाणी भयो, "देवकीको आठौं गर्भबाट तेरो मृत्यु हुने छ।" यो सुन्नेबित्तिकै उसले बहिनीलाई मार्न तरबार उठायो। तब वसुदेवले बिन्ती गरे, "देवकीबाट जति सन्तान जन्मिन्छन्, ती सबै बुझाउँला तर आफ्नी बहिनीलाई नमार्नू।"

कंसले वसुदेवको प्रतिज्ञा स्वीकार गऱ्यो र उनीहरूलाई मथुराको कारागारमा बन्दी बनायो। कारागारमा देवकीका जति सन्तान जन्मिए, सबैलाई कंसले हत्या गऱ्यो। देवकीको सातौं गर्भ देवी योगमायाले भगवान् विष्णुको आज्ञानुसार वसुदेवकी दोस्री पत्नी रोहिणीका गर्भमा सारिदिइन्। जब कृष्णको जन्मको दिन आयो, भगवान् विष्णु प्रकट भएर देवकीलाई आफू उनका छोराको रूपमा जन्म लिन लागेको रहस्य बताए। साथै उनले त्यतिखेर सारा पहरेदार निद्रामा मस्त हुने तथा वसुदेवका हतकडी आफैं खुल्ने पनि जानकारी दिए।

आफूलाई टोकरीमा राखेर गोकुल पुऱ्याउने र नन्दका घरमा भर्खरै जन्मिएको कन्या मथुरा लिएर आउन वसुदेवलाई सल्लाह दिए। भगवानुले भनेअनुसार भदौ अष्टमी तिथि, रोहिणी नक्षत्रका बेला मथुराका कारागारमा कृष्णको जन्म भयो। उनकै लीलानुरूप वसुदेव र देवकी हतकडी मुक्त भए। वसुदेवले टोकरीमा राखेर गोकुल लिएर जाँदै गर्दा भदौरे भेलले यमुना नदी उर्लिरहेकी थिइन्। जब यमुनाले कृष्णको दर्शन गरिन्, तब वसुदेवका निम्ति बाटो खुला गरिदिइन्।

नागहरूले आफ्ना फणाले कृष्णलाई पानीले नभिजाओस् भनेर ओत दिए। केही समयमा नै वसुदेव यशोदाका काखमा सुतिइरहेकी कन्यालाई उठाई कृष्णलाई त्यहाँ सुताएर मथुरा फर्के। कन्यालाई देवकीका काखमा सुताई वसुदेव पूर्ववत् कारागारमा बन्दी भएर बसे। केही क्षणमा बालिका रोएको आवाजले पहरेदारका निद्रा खुले र तिनले कंसलाई खबर गरे। अरू बालकलाई झैं जब कंसले बालिकालाई भुइँमा पछारेर मार्न खोज्यो, तब ती बालिकाले आकाशमा उड्दै भनिन्, "हे पापी, तैंले मलाई के मार्लास् ? तँलाई मार्ने गोकुलमा पैदा भइसकेको छ।" उनी योगमाया थिइन्। यसले कंसका मनमा चिसो पस्यो। उसले कृष्णलाई मार्न अनेकौं उपाय लगाए पनि सबै असफल भए।

कृष्णको बाललीला बयान गरी साध्य नै छैन। दही चोरी, पुतना बध, वत्सासुर-बकासुर-लम्बासुर-केशी बध, गोवर्द्धन धारण, गोपिका चीरहरण, कालीय दमन आदि हुन्। कृष्णका चमत्कारका कथा लोकमा त्यति नै प्रसिद्ध छन्। उनले माता यशोदालाई आफ्ना मुखको सारा ब्रह्माण्ड देखाएका थिए। उनले सान्दिपिनी ऋषिका छोरालाई यमराजका मुखबाट फिर्ता ल्याएका थिए भने मथुराकी कुप्री कुब्ज सुन्दरीलाई लक्षणबाटै ठिक गरेका थिए। उनले इन्द्रको अहङ्कार चुर गर्न औंलाले पर्वत उठाएका थिए। बर्बरिकको शिर काटेर एक स्थानविशेषमा राखेका थिए जहाँबाट युद्ध देख्न सकियोस्। जयद्रथ बधका समयमा आफ्नो मायाले समयपूर्व नै सूर्यास्त गराएका थिए भने अभिमन्युकी श्रीमती उत्तराका गर्भमा हुर्किरहेको परीक्षितलाई पुनः जीवित गरेका थिए। उनका यस्ता धेरै चमत्कारका कथा छन्।

आफ्ना सौर्यले कृष्णले कंसका दरबारका चारूण, मुष्टिक आदि वीरहरूलाई पनि परास्त गरे, अत्याचारी बर्बर कंसलाई मारेर मातापिता र मावलीका पितामह उग्रसेनलाई कारागारबाट मुक्त गरे। उनले मथुरा र गोकुलमा धर्म, न्याय र समताको शासन स्थापना गरे।

'महाभारत' मा पनि उनले नायकत्वको भूमिका निर्वाह गरे। उनले भारीसभामा द्रौपदीको चीरहरण हुँदा सारी रूप धारण गरेर द्रौपदीको इज्जत बचाए। पाण्डव र कौरवको लडाइँमा आफूले हतियार नचलाउने सर्तमा पाण्डव पक्षका सारथी भएर काम गरे। त्यही युद्धका दौरानमा पूर्वीय धर्म र दर्शनको महाग्रन्थ 'गीता' जन्मियो। यसमा 'महाभारत' को युद्धका बिच अर्जुन र कृष्णको संवादको बयान छ श्रीमद्‌भागवत 'गीता' को उत्पत्ति श्रीकृष्णका मुखबाट भएको थियो। यसलाई महर्षि वेदव्यासले श्लोकका रूपमा ग्रन्थमा वर्णन गरेका छन्। '

गीता' ले हाम्रो जीवनका मार्गमा आउने विपत्तीबाट उम्कनका निम्ति मार्गप्रशस्त गर्छ। यसमा मुख्य रूपमा ज्ञानयोग, कर्मयोग र भक्तियोगलाई महत्त्व दिइएको छ। 'महाभारत' को १८ पर्वमध्ये भीष्म पर्वको एक हिस्सा हो गीता। यसमा कुल १८ अध्याय छ। तिनको कुल श्लोक ७०० छ। वेदको सार उपनिषद् हो। उपनिषद्को सार 'गीता' हो। उपनिषद् गाई हो भने 'गीता' दुग्धधारा। यसमा सृष्टिको उत्पत्ति, जीव विकासको क्रम, हिन्दू सन्देशवाहकको क्रम, मानवोत्पत्ति, योग, धर्म, कर्म, ईश्वर, भगवान्, देवीदेवताको उपासना, प्रार्थना, यम, नियम, अन्तरिक्ष, जीवन प्रबन्धन, राष्ट्र निर्माण, त्रिगुणको सङ्कल्पना, सबै प्राणीमा मैत्रीभाव आदिको चर्चा छ, अनेकौं योगहरूको वर्णन छ। पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं छैटौं, सातौं, आठौं, नवौं दसौं, एघारौं बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं र अठारौं अध्यायमा क्रमशः विषाद, साङ्ख्य, कर्म, ज्ञान, ज्ञान कर्मसन्न्यास, आत्मसंयम योग, ब्रह्म, राजविद्याराज, विभूति, दैवासुरसम्पद्, श्रद्धा विभाग, मोक्ष सन्न्यास योग आदिको चर्चा छ।

आफ्ना बन्धुबान्धव देखेर युद्धदेखि डराएका अर्जुनलाई साङ्ख्य योगमा युद्धदेखि भाग्नु कायरताको संज्ञा दिँदै आत्माको अमरताबारे बताइएको छ। कर्म योगमा कर्मको गम्भीर विवेचना हुनाका साथै अनासक्त भावको निरुपणको उपाय बताइएको छ। ज्ञान कर्म सन्न्यास योगमा सगुण भगवान्को प्रभाव, कर्म योगको विषय, योगी महात्मा पुरुषको आचरण, तिनीहरूको महिमा आदिको चर्चा हुनाका साथै पृथक् यज्ञको फलबारे दर्साइएको छ।

*बाँकी तीन पृष्ठमा*

जनहितमा जारी सन्देश
दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।
बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं।
"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी

# शीतभण्डार निर्माण अधुरै, किसानको उत्पादन खेर जाँदै



**अरुणकुमार यादव**

राजविराज (सप्तरी),१० भदौ (रासस) ।

सप्तरीमा शीतभण्डार निर्माण अधुरै रहेको छ । उक्त भवन निर्माण नहुँदा बर्सेनि किसानले उत्पादन गरेको तरकारी र फलफूल खेर जाने गरेको छ ।

सप्तरीको राजविराज नगरपालिका-१५ देउरी भरुवामा २०७५ पुसमा शीतभण्डार निर्माण कार्य सुरु भएको थियो । तीन हजार मेट्रिक टन क्षमता भएको उक्त सहकारी शीतभण्डार निर्माण समयमै निर्माण सम्पन्न नहुँदा जिल्लाका किसान मारमा परेका छन् । झण्डै रु २८ करोड लागतको शीतभण्डार निर्माण कार्य २०७८ सालदेखि रोकिएको छ ।

बजेट अभावका कारण शीतभण्डार निर्माण कार्य बीचमै रोकिएको जिल्ला सहकारी सङ्घ सप्तरीका प्रबन्धक रमेशप्रसाद गुप्ताले जानकारी दिनुभयो । शीतभण्डार निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सरकारबाट रु ६ करोड ३६ लाख उपलब्ध भएको उहाँले बताउनुभयो । "सङ्घीय सरकारले रु १० करोड ७५ लाख उपलबध गराउन बाँकी नै छ, रकम अभावले निर्माणको जिम्मा लिएको कम्पनीले काम गर्न छाडेको छ ।"

स्वीकृत कार्यक्रमअनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग थप बजेट उपलब्ध गराउन पटक पटक माग गर्दै आएको प्रबन्धक गुप्ता बताउनुहुन्छ । सो अन्तर्गत नवलपरासी र सप्तरीमा एकसाथ सहकारी शीतभण्डार निर्माण थालिएको थियो । नवलपरासीमा भने यसअघि नै शीतभण्डार निर्माण भएर प्रयोगमा समेत आइसकेको उहाँको भनाइ छ । सङ्घीय सरकारको ६० प्रतिशत अनुदान, सङ्घ संस्थाहरूको २० प्रतिशत तथा स्थानिय र प्रदेश सरकारको २० प्रतिशत अनुदानमा डेढ कट्ठा जग्गामा उक्त शीतभण्डार निर्माण गर्न थालिएको हो ।

शीतभण्डार अभावले केरा, आँप, आलु, प्याज, लसुनलगायत उत्पादन खेर जाने गरेको छ । किसानले जिल्ला बाहेक अन्य ठाउँमा लगेर आफ्नो उत्पादन बिक्री गर्न सकिरहेका छैनन् । "शीतभण्डार नहुँदा उत्पादन सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ, बिक्री नहुँदा उत्पादन त्यसै खेर जाने गरेको किसानको गुनासो छ", प्रबन्धक गुप्ताले भन्नुभयो । बेमौसममा भने किसानले तरकारी र फलफूल महङ्गोमा किनेर खान बाध्य भएका उहाँको भनाइ छ ।

स्थानीय किसानले उत्पादन गरेको फलफूल र तरकारी सहकारीमार्फत् शीतभण्डारमा भण्डारण गर्ने योजनाका साथ सो शीतभण्डार निर्माण कार्य अघि बढाइएको प्रबन्धक गुप्ता बताउनुहुन्छ । "अहिले उत्पान खेर गइरहेको छ, सुरक्षित साथ राख्न सकिएको छैन", उहाँले भन्नुभयो, "शीतभण्डारको सुविधा भएको खण्डमा बिक्री गर्न नसकिएको तरकारी र फलफूल लामो समयसम्म राख्न सकिन्छ, किसानले अत्यधिक लाभ लिनसक्ने अवस्था बन्थ्यो ।"

प्रबन्धक गुप्ताका अनुसार मधेश प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ मा उक्त सहकारी शीतभण्डार निर्माणका रु आठ करोड बजेट विनियोजन गरेको छ । तर हालसम्म सो रकम भने प्राप्त हुन नसकेको उहाँको भनाइ छ । चाँडो निर्माण कार्य सुरु गर्नुपर्नेमा जोड दिदै उहाँले जिल्लाका जिल्लामा उत्पादित कृषि उपज भण्डार गर्न शीतभण्डार नभइ नहुने प्रबन्धक गुप्ता बताउनुहुन्छ ।

शीतभण्डार निर्माणको जिम्मा पाएको शर्मा आशिष ओम साइराम, सानोठिमीले बजेट अभावकै कारण समयमै निर्माण सम्पन्न गर्न नसकिएको जनाएको छ । "यसअघि काम गरेको रु तीन करोड ५७ लाख प्राप्त गर्न बाँकी छ", सो निर्माण कम्पनीका प्रतिनिधि सञ्जयकुमार मिश्रले भन्नुभयो । आर्थिक वर्ष २०७७/७८ मा काम गरेको बील पेश गरेपनि त्यसको सुनवाइ नभएको उहाँको भनाइ छ ।

### *एक लाख ५० हजार ...*

बिनोद श्रेष्ठले जानकारी गराए ।

प्रति युनिट अन्तंगत १ हजार लिटर पानी प्रति घरधुरी जाने गरेको जानकारी समेत श्रेष्ठले गराउनु भएको छ । कार्यक्रममा कर्जन्हा नगरपालिकाका उपप्रमुख लक्ष्मी कुमारी श्रेष्ठले सबल नेपालले निर्माण गरेको संरचनाले गर्दा वडा वासिलाई पानी माथीको सहज पहुच भएको र यसको प्रभावकारीताको लागि नगरले थप कार्य गर्ने र सबल नेपाललाई नगरका अन्य वडा तथा समुदायमा समेत पानी समस्या रहेकोले साझेदारीको लागि आवहान समेत गरे ।

प्रमुख अतिथीको रुपमा रहेका नगर प्रमुख भोला पोखरेलले सबल नेपालसंगको साझेदारीमा वडा नं. १ मा कहि कतै नभएको १ घर १ धाराको निर्माण भएकोमा गर्व महसुस भएको र यस कार्यको लागि सबल नेपाललाई धन्यवाद समेत दिए ।

उक्त अवसरमा खानेपानी आयोजना निर्माण कार्य सफलता पुर्वक सम्पन्न गर्न योगदा पुऱ्याएका नन्दबाबा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कर्जन्हा नगरपालिका वडा नं. १ र कर्जन्हा नगरपालिकालाई सबल नेपालद्वारा सम्मान समेत गरेका थिए ।

कर्जन्हा नगरपालिका वडा नं. १ को नवनिर्मित भवन प्रागंणमा वडा नं. १ का अध्यक्ष फणिन्द्र पोखरेल अध्यक्षतामा तथा नगर प्रमुख भोला पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रममा नगर उपप्रमुख लक्ष्मी कुमारी श्रेष्ठ, सबल नेपालका उपाध्यक्ष भुपेश कुमार साह, कोषाध्यक्ष आयुश श्रेष्ठ, वरिष्ठ प्रबन्धक अशोक साह, परियोजना व्यवस्थापक परमेश्वर कुमार झा, परियोजना संयोजक शैलेन्द्र चौधरी तथा कर्जन्हा पालिका संयोजक रोजी श्रेष्ठको उपस्थित रहेको थियो । कार्यक्रमको संचालन स्थानीय कृष्ण सुवेदीले संचालन गरेका थिए ।

### *अद्भुत कलाका ...*

सारमा यी योग कसरी स्थितप्रज्ञ बन्ने र मोक्ष प्राप्ति गर्ने भन्ने विषयमा केन्द्रित छ । यी योगहरू योगेश्वर कृष्णका वाणी हुन् । 'गीता' का प्रत्येक श्लोकमा ज्ञानका प्रकाशहरू छन् जसले अज्ञानको अन्धकार नष्ट पारेर उज्यालोको मार्गमा हिँडाउँछ र मानिसलाई परमपदको अधिकारी बनाउँछ ।

कृष्ण चरित्रमा जति पनि चमत्कारका कथा छन्, त्यसको सतहीभन्दा पनि प्रतीकात्मक अर्थ छन् । कृष्णले औंलामा गोवर्द्धन पर्वत उठाएको कथा झट्ट सुन्दा मानिसले प्रश्न उठाउन सक्छन्– के औंलामा पनि पहाड उठाउन सकिन्छ र ? तर यसको साङ्केतिक अर्थ छ । गोवर्द्धन पर्वत उठाउनाको अर्थ हो– कृषिमा क्रान्ति ल्याएर गोवंशको रक्षा गर्नु । उनको उद्देश्य भनेकै लक्ष्मी माताको प्रतीक गौमाताको रक्षा गर्नु थियो । गोवंशको रक्षा नभई कृषि युग अगाडि बढ्न सक्दैनथियो । उनले गोवर्द्धन उठाए भन्नाको अर्थ हो, उनले गाईको रक्षा गरेर कृषि युगलाई अगाडि बढाए । यस्तै कालीय दमनको कथाको पनि साङ्केतिक अर्थ छ । कालीय नाग रूपक हो । कृष्णले संसारलाई आतङ्कित पारेको कालीय नाग दमन गरे । कालिय नागको प्रवृत्ति मानिसभित्र पनि छ । हामी आफूभित्रको क्रोध, अहङ्काररूपी कालीय नागमाथि जब विजय प्राप्त गर्छौं, तब हामी श्रीकृष्ण प्राप्त गर्छौं । यसको अर्थ यही हो ।

कृष्णको हातको सुदर्शन चक्रको बिम्बात्मक अर्थ हो -- आत्मचक्र । यो एउटा आफैँसँग साक्षात्कार गरिने आत्मसाक्षात्कार हो । सुदर्शन 'सु' र 'दर्शन' भन्ने शब्दले बनेको छ । 'सु' भनेको राम्रो र 'दर्शन' भनेको दृष्टिकोण हो । जब हामीभित्र खराब दृष्टिकोण अन्त्य भएर असल दृष्टिकोण बन्न थाल्छ, तब हामी सुदर्शन प्राप्त गर्छौं । त्यसले कृष्णले दुष्टलाई नाश गरे झैं हामीभित्रको दुष्टता नाश गर्छ । त्यो आत्मसाक्षात्कारबाट सम्भव छ ।

कृष्णसँग जोडिएका अरू धेरै कथाका प्रतीकात्मक अर्थ छन् । भनिन्छ, भगवान् कृष्ण सोह्र अध्यात्मिक, चौध विद्या, चौसट्टी सांसारिक कलामा पारङ्गत थिए । त्यसैले उनी जगन्नाथ, जगद्गुरु कहलिन्छन् । उनी आफूलाई भगवानभन्दा पनि मित्र, सखा भन्न रुचाउँथे । उनले सधैं मित्रतालाई नै महत्व दिए । चाहे सुदामा हुन्, अर्जुन हुन्, सबैलाई उनले साथीका रूपमा हेरे । उनले आफ्ना महत्त्वपूर्ण ज्ञान बाँडे । उनको सबैभन्दा बढी मित्रता ब्राह्मण सुदामासँग थियो । आफ्नो दरिद्रताका कारण सुदामा कृष्णलाई भेट्न हिचकिचाइरहेका थिए । जब उनले कृष्णलाइ भेटे, उनी भावविभोर भए । भनिन्छ, त्यतिखेर कृष्णले आफ्नै आँसुले सुदामाको पाउ धोएका थिए ।

उनका माध्यमबाट द्रौपदी, राधा, रुक्मिणी, सत्यभामा, गोपीलगायत हजारौं महिलालाई मोक्ष प्राप्ति भयो । केही विधर्मीहरू कृष्णका सोह्र हजार रानी थिए भनेर उनको चरित्रमाथि प्रश्न उठाई बौद्धिक विलास गर्छन् तर यथार्थ बिल्कुल फरक छ । सोह्र हजार त उनका भक्त मात्र थिए । उनी त आफ्ना बालसखा राधा र आफ्ना पत्नीलाई मात्र प्रेम गर्थे । राधालाई माता लक्ष्मीको अवतार पनि मानिन्छ ।

श्रीमद्भागवतमा उनको विराट् स्वरूपको पनि चर्चा आउँछ । उनले आफ्नो त्यो स्वरूप अक्रूर, उद्धव, राजा मुचुकुन्द, शिशुपाल, धृतराष्ट्रको सभामा देखाएका थिए । अद्भुत कला, अविश्वसनीय चमत्कारले भरिएका कृष्ण सनातन धर्मका आधारतम्भ र अप्रतिम भगवान हुन् । कृष्णाष्टमीका अवसरमा कृष्णप्रति शतशत नमन– "श्रीकृष्ण गोविन्द हरे मुरारे, हे नाथ नारायण वासुदेव :" *(लेखक नेपाली लोकसाहित्य र संस्कृतिका जानकार हुनुहुन्छ)*

## विश्व समाचार

### पाकिस्तानमा सशस्त्र विद्रोहीद्वारा राजमार्गमा गाडी रोकी २२ जनाको हत्या

क्वेटा, पाकिस्तान, १० भदौ (रासस/एएफपी) ।

पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले सोमबार कम्तीमा २२ जनाको गोली हानी हत्या गरेको सरकारी अधिकारीहरूले बताएका छन् । साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध सुरक्षा फौजले लडिरहेको बलुचिस्तान प्रान्तको मुसाखाइल जिल्लामा सोमबार बिहान उक्त आक्रमण भएको हो ।

मुसाखाइलका एक वरिष्ठ अधिकारी नजिबुल्लाह काकरले एएफपीसँग भन्नुभयो, "पञ्जाबलाई बलुचिस्तानसँग जोड्ने राजमार्गमा लडाकूहरूले धेरै बस, ट्रक र भ्यान रोक्दा भएको झडपपछि चलेको गोली लागी कम्तीमा २२ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।"

उहाँले भन्नुभयो, "पञ्जाबबाट आउने र जाने सवारी साधनको निरीक्षण गरिएको र पञ्जाबबाट आएका व्यक्तिहरूको पहिचान गरी गोली हानिएको थियो ।"

काकरका अनुसार १९ जना पञ्जाबी र तीन जना बलोच सर्वसाधारण मारिएका छन् । जिल्लाका अर्का वरिष्ठ अधिकारी हमिद जेहरीले एएफपीलाई मृतकको सङ्ख्या पुष्टि गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "यो आक्रमणका लागि बलोच लिबरेशन आर्मी (बीएलए) का लडाकू जिम्मेवार रहेको देखिन्छ ।बलोच लिबरेशन आर्मी यस क्षेत्रको सबैभन्दा सक्रिय लडाकू पृथकतावादी समूह हो ।बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त हो भने यहाँ अप्रयुक्त प्राकृतिक स्रोतहरूको प्रचुरता छ ।

### इजरायलका 'नयाँ शर्तहरू' अमान्य : हमास

कायरो, इजिप्ट, १० भदौ (रासस/एएनआई) ।

हमासले युद्धविराम सम्झौताका लागि इजरायलले राखेका 'नयाँ शर्तहरू' आफुहरूलाई अमान्य भएको भन्दै हमासको प्रतिनिधिमण्डल वार्ताबाट पछि हटेको छ ।

जुलाई-२ मा अमेरिकाद्वारा प्रस्तावित र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट अनुमोदित प्रस्तावमा मात्र वार्ता गर्न सकिने भन्दै हमासको वार्ताका लागि इजिप्टको कायरोमा रहेको प्रतिनिधिमण्डल त्यहाँबाट बाहिरिएको सिएनएनले जनाएको छ ।वार्ताका लागि मध्यस्थकर्तासँग भेट गरेपछि हमास प्रतिनिधिमण्डल आइतबार कायरोबाट प्रस्थान गरेको हो ।

गाजा युद्धको एक पक्षको प्रतिनिधित्व गरेको हमासको प्रतिनिधिमण्डलले वार्तास्थल छोडेपछि युद्ध अन्त्य गर्ने अमेरिकालगायतका मध्यस्तकर्ताको युद्ध विराम सफलताको सम्भावनामा थप जटिलता आएको छ । हमासले अमेरिकी राष्ट्रपति बाइडेनको खाका र सुरक्षा परिषद्को प्रस्तावको आधारमा गरिएको जुलाई-२ को सम्झौतामा मात्र सहमत हुने दावी गरेको हमासको राजनीतिक ब्युरोका सदस्य इज्जात अल-रिस्कले विज्ञप्तिमार्फत जानकारी दिनुभएको छ ।

अल-रिस्कले सम्झौतामा स्थायी युद्धविराम, गाजा पट्टीबाट पूर्ण रूपमा सेना फिर्ता, बासिन्दालाई आफ्नो क्षेत्र फर्कने स्वतन्त्रता, राहत तथा पुनर्निर्माणलगायतका विषय समावेश हुनुपर्नेमा जोड दिनुभयो । गत हप्ता हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले अल अक्सा टिभीसँगको कुराकानीमा इजरायलले सम्झौता स्वीकार्नका लागि नयाँ शर्तहरू तय गरेको र पहिलेका कुरा फिर्ता लिएको भन्दै नयाँ शर्त आफ्नो समूहका लागि मान्य नहुने बताउनुभएको थियो ।

हमदानका अनुसार नयाँ शर्तहरूमा इजिप्टसँगको सिमानामा रहेको पट्टी फिलाडेल्फी कोरिडोरमा इजरायली सेनाको पुनःस्थापना र इजिप्टसँगको रफाह सीमापारका लागि गैर-प्यालेस्टिनी व्यवस्थापनसमेत समावेश थियो ।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'नयाँ मागहरू' थपी वार्ताको प्रगतिको बाधक बनेको हमासको दाबी छ ।

यसैबीच नेतान्याहूले सम्झौता भए पनि हमासविरुद्धको 'पूर्ण विजय' नभएसम्म गाजामा युद्ध जारी रहने कुरामा जोड दिनुभएको छ हमासले गत वर्ष अक्टोबरमा इजरायलमा एक्कासी गरेको आक्रमणमा कम्तीमा एक हजार २०० जनाको मृत्यु भएको थियो भने करिब २५० जनालाई बन्धक बनाएको थियो । बदलामा इजरायलले शुरू गरेको सैन्य कारबाहीमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

यसैबीच, हमास निकट समूहविरूद्धको कारबाहीस्वरूप इजरायलले शुरू गरेको अभियानमा लेबनानका ४० भन्दा बढी प्रक्षेपण क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । आइतबार इजरायली सेनाले आफ्नो लडाकू विमानले उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले पठाएका हजारौं रकेट लन्चरलाई लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको थियो ।

"करिब १०० आईएएफ लडाकू विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लञ्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरिएको छ," इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए । हिजबुल्लाह समूहको आक्रमणपछि शनिबार इजरायलले लेबनानसँगको बढ्दो तनावबीच ४८ घण्टाका लागि सङ्कटकाल घोषणा गरेको थियो ।

# राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाडौँ, १० भदौ (रासस) ।
सर्वोच्च अदालतले सार्वजनिक सेवा सुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य हुने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ ।

न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले गृहमन्त्रालयको गत असार १० गतेको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो । आदेशमा भनिएको छ, "नेपाल सरकार गृह मन्त्रालयको मिति २०८१/०३/१० को राजपत्रको भाग ५ बुँदा नं. (क)मा प्रकाशित 'नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गर्ने' भन्ने व्यवस्थामा उल्लिखित 'सट्टा' शब्दलाई स्थगन गरी नेपाल सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य नगर्नु ।"

अदालतले राष्ट्रिय परिचयपत्र हाललाई अनिवार्य नगर्ने भनी सबै स्थानीय तहलाई निर्देशन दिएको देखिए पनि राष्ट्रिय परिचयपत्र सामाजिक सुरक्षा भत्ता प्रयोजनका हकमा मात्र र सो पनि केही समयसम्मका लागि अनिवार्य नभएको भन्ने नै देखिएकाले उक्त कार्यान्वयन नगर्न भनिएको हो ।

आदेशमा भनिएको छ, "नेपाल राजपत्रमा उल्लेखित व्यवस्था कायमै रहेमा आम नागरिक आफूसँग नेपाली नागरिकताको प्रमाणपत्र भए पनि राष्ट्रिय परिचयपत्र नभएकै आधारमा नेपाल सरकारबाट प्रवाह गरिने सार्वजनिक सेवाजस्तो अत्यावश्यक सुविधा प्राप्त गर्नबाट बञ्चित हुनुपर्ने देखिँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यान्यन नगर्नु ।"

अधिवक्ता रामबहादुर राउतसमेतले सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

# महिला, बालबालिका तथा सामाजिक न्याय समितिद्वारा खेलकुद विधेयक पारित

जनकपुर, १० भदौ (रासस) ।
मधेस प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल गरी पारित गरेको छ । सो विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय समितिले गरेको छ ।

समितिका सभापति रूपा यादवको अध्यक्षतामा सोमबार जनकपुरधाममा उक्त विधेयकमाथी दफावार छलफल भएको थियो । विधेयकमा प्रदेश खेलकुद परिषद् गठन, जिल्ला खेलकुद विकास समितिको गठन, खेलाडीको वृत्तिविकास, सेवासुविधा, व्यावसायिक सुरक्षा बीमा, खेलकुद प्रशिक्षण प्रतिष्ठान, खेलकुद प्रतियोगितालगायत विषय समावेश गरिएको छ ।

समितिका सदस्य रामसरोज यादवले विधेयकमा स्थानीय तहदेखि अन्तर्राष्ट्रियस्तरसम्म खेलाडी उत्पादन गर्नेगरी कानुनी व्यवस्था प्रस्ताव गरिएको जानकारी दिनुभयो । सोमबार बिदाका दिन भए पनि विधेयकको महत्वलाई दृष्टिगत गरी छलफल गरिएको समितिकी सभापति यादवले बताउनुभयो ।

बैठकमा प्रदेशसभा सदस्यहरू रामसरोज यादव, कुँवरकान्त झा, अञ्जना पण्डित र किशोरीदेवीको सहभागिता रहेको थियो । विधेयक गत वर्ष छलफलका लागि समितिमा पठाइएको थियो ।

# जसपाले टुङ्ग्यायो पदाधिकारी र सदस्य

काठमाडौँ, १० भदौ (रासस) ।
जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय पदाधिकारी/कार्यकारिणी समिति र केन्द्रीय सदस्यहरूको टुङ्गो लगाएको छ ।

हालै सम्पन्न एकताको राष्ट्रिय महाधिवेशनले पार्टीको विधानबमोजिम कार्यविभाजन गरिएको जसपा नेपालले विज्ञप्तिमार्फत जनाएको छ । कार्यविभाजनअनुसार रकम चेम्जोङ सहअध्यक्ष चुनिनुभएको छ । यस्तै, राजकिशोर यादव, मृगेन्द्रकुमार सिंह यादव, गोविन्द चौधरी, शिवलाल थापामगर, विद्युत बज्राचार्य उपाध्यक्ष बन्नुभएको छ ।

महासचिवमा लालबाबु राउत र रामकुमार शर्मा नियुक्त हुनुभएको छभने प्रकाश अधिकारी उपमहासचिव चुनिनुभएको छ । मनिषकुमार सुमन पार्टीको प्रवक्ता बन्नुभएको जसपा पार्टी कार्यालयले जनाएको छ । त्यसैगरी, दीपक कार्की र रेखा यादव पनि उपमहासचिव नियुक्त हुनुभएको छ ।

जसपा नेपालको सचिवमा लीला सिटौला, शैलेन्द्र साह, सुनी लामा राजकुमार राई, सुरेश मण्डल, लाक्पा शेर्पा, कमरूद्धिन राई तथा कोषाध्यक्षमा सुरिताकुमारी साह चुनिनुभएको छ ।

# ऐन कार्यान्वयनको पाँच वर्षपछि सङ्घीय भूउपयोग परिषद् गठन

काठमाडौँ, १० भदौ (रासस) ।
भूउपयोग ऐन २०७६ कार्यान्वयनमा आएको पाँच वर्षपछि सङ्घीय भूउपयोग परिषद् गठन भई कार्यारम्भ गरेको छ । ऐनको दफा १४ ले परिषद् गठनसम्बन्धी व्यवस्था गरेको भए पनि करिब पाँच वर्षपछि उक्त व्यवस्था कार्यान्वयनमा आएको हो ।

परिषद् गठन भएसँगै गत बिहीबार पहिलो बैठकसमेत बसिसकेको छ । पहिलो बैठकले परिषद्को काम, कर्तव्य अधिकार, बैठकसम्बन्धी कार्यविधि निर्माण, ऐनको प्रभावकारी कार्यान्वयनलगायत विषयमा छलफल गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले जानकारी दिनुभयो । "परिषद् गठन भएर पहिलो बैठक बसिसकेको छ । भूउपयोग ऐन कार्यान्वयनमा देखिएका समस्यालाई विश्लेषण गरेर लैजाने, परिषद्का सदस्यलाई कार्यजिम्मेवारीका बारेमा जानकारी दिने, बैठक सञ्चालनसम्बन्धी कार्यविधि बनाउनेलगायत निर्णय सो बैठकबाट भएका छन्", उहाँले भन्नुभयो ।

ऐनको व्यवस्थाअनुसार परिषद्ले भूउपयोगसम्बन्धी दीर्घकालीन तथा आवधिक विकास योजना बनाइ लागू गर्ने, भूउपयोग योजना सञ्चालन गर्न विभिन्न निकायबीच आवश्यक समन्वय गर्नेलगायत महत्वपूर्ण अधिकार पाएको छ । भूउपयोग नक्सा 'डाटा' तयार गर्ने, भूउपयोग क्षेत्र वर्गीकरण, योजना तर्जुमा र कार्यान्वयनसम्बन्धी अन्य आवश्यक आधार तथा मापदण्ड तयार गर्ने, अन्तरप्रदेशमा देखिने भूउपयोगसम्बन्धी जग्गा विवाद समाधान गर्नेलगायतका अधिकार पनि परिषद्लाई दिइएको छ । प्रदेश र स्थानीय तहमा पनि भूउपयोग परिषद् गठन गर्नुपर्ने प्रावधान ऐनमा राखिएको छ तर उक्त व्यवस्था अझै कार्यान्वयनमा आउन सकेको छैन ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अध्यक्ष रहने सङ्घीय भूउपयोग परिषद्मा विभिन्न विषयगत मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था छ । सरकारले चार जना सदस्य नियुक्त गर्ने ऐनको प्रावधानअनुसार गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले पूर्वसचिव डा रेवतीरमण पौडेल, खाद्य सुरक्षाविज्ञ डा यमुना श्रेष्ठ, भूउपयोग योजनाविज्ञ डा रेश्मा श्रेष्ठ र भूमि विशेषज्ञ जगतबहादुर देउजालाई सदस्य मनोनित गरेको थियो । परिषद् गठनले पूर्णता पाएसँगै ऐनले तोकेको कार्यादेशअनुसार काम थालिएको हो ।

# एक हजार ३ सय ७८ नेपालीले ज्यान गुमाए

**दैनिक समाचारदाता**
**काठमाडौं, १० भदौं ।**
पछिल्लो एक वर्षमा वैदेशिक रोजगारीका लागि विभिन्न देशमा गएका एक हजार तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाएका छन् । गत आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न कारणले एक हजार ३७८ जना नेपालीले ज्यान गुमाएका हुन् ।

वैदेशिक रोजगार बोर्डको तथ्यांक अनुसार मृत्यु हुनेमा सबैभन्दा बढी विभिन्न रोग लागेका छन् । विभिन्न रोग लागेर २६१ जना नेपालीले ज्यान गुमाएका छन् । त्यसपछि आत्महत्या १९२, प्राकृतिक मृत्यु १९१, हृदयघात १२०, सवारी दुर्घटनामा परेर १०३ जनाले ज्यान गुमाएको बोर्डको तथ्यांकले देखाएको छ ।

त्यस्तै ७ जनाको हत्या भएको छ । ५४ जनाको सडक दुर्घटनामा परी मृत्यु भएको छ । ६० जनाको बिरामी भएर मृत्यु भएको छ । ६९ जनाको मृत्युको कारण थाहा नभएको, ४ जनाको कार्यस्थलमा दुर्घटना भएर, ६३ जनाको अन्य कारणले मृत्यु भएको छ ।

त्यस्तै ५१ जनाको मृत्युको कारणबारे अनुसन्धान भइरहेको बोर्डले जनाएको छ । ७ जनाको मृगौलाको रोग लागेर, ७ जनाको कोभिड-१९ का कारण, ७९ जना कार्डिक एरेष्टका कारण, ३९ जनाको क्यान्सरका कारण मृत्यु भएको छ ।





जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*